"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा

१ नं. प्रदेश, नेपाल

पत्र संख्याः-

चलानी नं.:- राजस्व प्र.शाखा ०७४।०७५

## प्रथम पटक प्रकाशित मिति : २०७५।०२।१६

## आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि शिलबन्दि वोलपत्र आह्वानको सूचना

प्रथम नगर सभावाट स्वीकृत यस भद्रपुर नगरपालिकाको आर्थिक ऐन २०७४ बमोजिम नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व.०७५।०७६ वर्ष १ (एक) लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दी वोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराइएको छ ।

**ठेक्काको विवरण**

| ठे.नं. | विवरण | न्यूनतम ठेक्का अंक रु. (वार्षिक) मूल्य अभिबृद्धि कर वाहेक | बोलपत्र फाराम दस्तुर | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | वोलपत्र फाराम दाखिला गर्ने अन्तिम मिति, समय | वोलपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | चौपाया (पशु) हाट बजार सेवा शुल्क | १५,२८,४०५।– | १,०००।- | ३० औ दिन सम्म २०७५।०३।१४ गते कार्यालय समयसम्म | ३१ औ दिन २०७५।०३।१५ गते १.०० बजेसम्म | ३१ औ दिन २०७५।०३।१५ गते २.३० बजे पछि |
| २ | दैनिक अस्थायी हाट बजार सेवा शुल्क | १४,६६,१०५।– | १,०००।- | | | |
| ३ | पुर्वाधार सेवाको उपयोग शुल्क ( भद्रपुर ५ स्थित बसपार्क अन्तर्गत सवारी पार्किङ्ग शुल्क समेत) | ११,२५,०००।– | १,०००।- | | | |
| ४ | भद्रपुर ८ स्थित अतिथी गृहतर्फ जाने बाटोको पार्किङ्ग शुल्क | ३,०५,०००।– | ३००।०० | | | |
| ५ | जलकर | २१,००५।– | ३००।०० | | | |

नोट : १) दैनिक अस्थायी हाट बजार सेवा शुल्क सम्बन्धमा : हालको भद्रपुर ६ मा सातामा २ (दुई) पटक , भद्रपुर ८ सागरमाथा चौकमा साताको १ (एक) पटक, तथा भद्रपुर १० चन्द्रगढी वजारमा सातामा २(दुई) पटक लाग्ने साप्ताहिक हाट समेत साविक पृथ्वीनगर गा.वि.स. वाहेक सम्पुर्ण क्षेत्र ।

F:\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७५।७६.doc

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय प्रमुखः ०२३-५२०७८१, कार्यालय ५२०१४८,५२००५५. Fax: 00977-23-520781,
वडा कार्यालय महेशपुर : ५२०८४३, भद्रपुर : ५२०५५५, चन्द्रगढी : ४५५०८२, पृथ्वीनगर
Website: www.bhadrapurmun.gov.np
E-mail: info@bhadrapurmun.gov.np

Scanned by CamScanner

२) पुर्वाधार सेवाको उपयोग शुल्क सम्बन्धमा : न.पा. क्षेत्र बाहिरबाट न.पा. क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधन सँग प्रत्येक पटक १ (एक) नाकामा शुल्क असुल गरे पश्चात सोहि दिन सोही सवारी साधन न.पा क्षेत्र वाहिर नगए सम्म पुनः सोही नाका लगायत अर्को नाकाबाट शुल्क असुल गर्न पाइने छैन। सवारी आवत जावत गर्दा १ (एक) पटक मानिनेछ। साथै राजमार्ग तथा सहायक राजमार्गमा शुल्क लगाउन पाईने छैन।

३)_सवारी पार्किङ्ग शुल्क सम्बन्धमा : सवारी साधनहरु ३ (तीन) घण्टाका लागि मात्र पार्किङ्ग गर्न सकिनेछ। त्यसपछि प्रति ३ घण्टाको ५०% थप शुल्क लाग्नेछ।

**शर्तहरु :**

१) वोलपत्र फारममा उल्लेखित कबोल ठेक्का अंकको ५% धरौटी रकम यस कार्यालयको नाउँमा खुलेको रा.वा.बैंक भद्रपुर स्थित च.हि.नं.२२१०३०३००७१०३ (ग-३) धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउपत्रसाथ संलग्न राखी पेश गर्नु पर्नेछ। बैंक ग्यारेण्टीलाई मान्यता दिइने छैन। धरौटी रकम प्रत्येक ठेक्काका लागि छुट्टा छुट्टै रुपमा समावेश गर्नु पर्नेछ।

२) इच्छुक फर्म वा कम्पनीले वोलपत्र फाराम खरिद गर्दा अद्यावधिक फर्म नविकरणको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी साथै लिखित निवेदन दिई तोकिएको समयभित्र खरिद गर्न सकिनेछ।

३) वोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

४) वोलपत्र खोल्ने काम समाप्त भएपछि वोलपत्र कबोल गर्ने पहिलो, दोश्रो र तेस्रो तीन जनाले राखेको धरौटी रोक्का राखि अरुको हकमा फिर्ता दिने र बोलपत्र स्वीकृत भैसकेपछि वोलपत्र कबोल गर्ने पहिलो व्यक्तिको नाममा कबुलियत गर्न ७ (सात) दिने सूचना यस न.पा.बाट पठाईनेछ। सो सुचना बुझि लिएको वा निजको घर दैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्रमा उपस्थित भै ठेक्का सम्झौता गर्न नआएमा वा आए पनि ठेक्का सम्झौता गर्न मञ्जुर नगरेमा निजले राखेको धरौटी जफत गरि सो पछिको दोस्रो, तेस्रो वोलपत्र कबोल गर्ने व्यक्तिलाई निजहरुको दरभाउपत्र अंक उपयुक्त ठहरेमा न.पा.ले क्रमशः नियमानुसार ठेक्का बस्तोबस्त गर्न सक्नेछ। निजहरुले पनि सूचना म्याद भित्र उपस्थित नभएमा वा उपस्थित भै सम्झौता गर्न मञ्जुर नगरेमा निजहरुले राखेको धरौटी जफत गरि कार्यालयबाट अर्को वैकल्पिक व्यवस्था अपनाई पुनः ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

५) गनी महसुल वापत एकमुष्ट रकम नगदै कार्यालयमा दाखिला गरेमा स्वीकृत ठेक्का अंक रकममा १०% प्रतिशत सम्मको रकम छुट दिन सकिनेछ। सो छुट सुबिधा यसै सूचनाको सि.न. ४ मा उल्लेख भए बमोजिम न.पा.का.ले तोकि दिएको ठेक्का सम्झौता गर्ने समय, म्याद भित्र एक मुष्ठ रकम नगदै कार्यालयमा दाखिला गरि ठेक्का सम्झौता गरेमा मात्र दिइनेछ। किस्ताबन्दी रुपमा रकम बुझाउनेको हकमा ठेकेदार आफुले कबोल गरेको कुल ठेक्का अंक रकमलाई १२ (बाह्र)



कार्यालय प्रमुख: ०२३-५२०७८१, कार्यालय ५२०१४८,५२००५५. Fax: 00977-23-520781,
वडा कार्यालय महेशपुर : ५२०८४३, भद्रपुर : ५२०९५९, चन्द्रगढी : ४५५०८२, पृथ्वीनगर
E-mail: info@bhadrapurmun.gov.np
Website: www.bhadrapurmun.gov.np

Scanned by CamScanner

किस्तामा बुझाउनु पर्नेछ । न.पा.ले तोके अनुसार प्रत्येक चालु महिनाको किस्ता महिना समाप्त पश्चात अर्को महिनाको १ (एक) गतें भित्र दाखिला गर्नु पर्नेछ। उक्त दिन सार्वजनिक विदा

परेमा कार्यालय खुलेको दिन बुझाउनु पर्नेछ । सो म्याद भित्र उल्लेखित किस्ता रकम यस न.पा.कार्यालयमा दाखिला हुन नआएमा वा नगरेमा सो म्याद पश्चात जुनसुकै समयमा जे जस्तो अवस्थामा भए पनि यस कार्यालयमा राखेको धरौटी नियमानुसार जफत गरि ठेक्का तोडी न.पा.ले आफ्नो नियन्त्रणमा लिई अर्को वैकल्पिक व्यवस्था मिलाउन सक्नेछ। न.पा.का.बाट ठेक्का लगाएको वा अमानतबाट असुल गरेको रकम ठेक्का तोडिएको ठेकेदारको रकम सँग जोडदा नपुग हुन आउने रमक ठेक्का तोडिएको ठेकेदारले राखेको धितो धनजमानि बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) वाट असुल उपर गरिनेछ । साथै ठेकेदारले राखेको उक्त धितो धन जमानि बैंक ग्यारेण्टी ( परफरमेन्स बण्ड) बाट समेत नपुग भएमा ठेक्का तोडिएको ठेकेदारको घरघरानावाट समेत असुल उपर गरिनेछ ।

६) ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउने हकमा सम्पुर्ण रकम दाखिला गरि सकेपछि र किस्ता बन्दी बुझाउनेको हकमा कुल ठेक्का अंकको ५% थप नगद धरौटी रकम र कुल ठेक्का अंक रकमको १२ (बाह्र) भागको एक भागले हुने रकम नगद (१२ औं किस्ता वापत ) अग्रिम रुपमा कार्यालयमा धरौटी जम्मा गरी जम्मा भएको कुल धरौटी रकम स्वीकृत ठेक्का अंक रकममा घटाउदा नपुग हुन आउने रकम वरावर यस कार्यालयको नाउँमा खिचिएको मिति २०७६ श्रावण १५ गते सम्मको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पत्र यस कार्यालयमा दाखिला गरी ठेक्का सम्झौता गर्नु पर्नेछ । कार्यालयले दिएको समयसम्म बैंक ग्यारेन्टी सहित सम्झौता गर्न नआएमा शर्त नं. ४ अनुसार क्रमश: दोस्रो र तेस्रो बवोल अंकलाई उपयुक्त ठहरेमा ठेक्का सम्झौताका लागी आमन्त्रण गर्न सकिनेछ।

७) वोलपत्रदाताले कबोल अंक उल्लेख गर्दा बार्षिक अवधिको साथै सोमा लाग्ने मुल्य अभिबृद्धि कर समेत समावेश गरि उल्लेख गर्नु गर्छ।

८) नेपाल सरकार वा नगरपालिकाले समय समयमा दिइएका नीति निर्देशन वा आदेशहरुको अक्षरशः पालना ठेकेदारले गर्नु पर्नेछ।

९) कर, दस्तुर, शुल्क उठाउन प्रयोग हुने रसिदहरु छुट्टा छुट्टै ठेक्काका लागि अलग अलग रुपमा २ (दुइ) प्रति भएको रसिद ठेकेदार आफैले आफ्नै खर्चबाट छपाई सोमा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सोको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ। यदि सो प्रकृया पुरा नगरी प्रयोगमा ल्याइएको रसिद फेला परेमा न.पा.द्वारा नियमानुसार जरिवाना गर्न सकिनेछ।

१०) ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिती सृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ।

११) ठेक्का अवधी भुक्तान भैसकेपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ताको पत्र पेश भए पछि मात्र धरौटी रकम फिर्ता गरिनेछ।

F:\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७५।७६.doc

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

१२) बोलपत्रदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, नं. र बोलपत्रदाताको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

१३) ठेक्का अवधी २०७५ श्रावण १ गतेदेखि २०७६ आषाढ मसान्त सम्म १ (एक) वर्षको हुनेछ ।

१४) कर, दस्तुर, शुल्क उठाउन पाउने कर दरबन्दीको विवरण तथा दर रेट दरभाउपत्र फारामसाथ प्राप्त हुनेछ ।

१५) दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन बिदा पर्न गएमा उक्त कार्य सोको भोलीपल्ट हुनेछ ।

१६) नगरपालिकाले तोकेको कर संकलन केन्द्र बाहेक अन्य ठाउँमा कर संकलन गर्न पाइने छैन ।

१७) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१८) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र माथि कार्वाही हुने छैन । कुनै चिठी, तार, टेलीफोन, फ्याक्स, इन्टरनेट आदि सञ्चार माध्यमबाट प्राप्त दरभाउपत्रलाई मान्यता दिइने छैन ।

१९) प्रचलित कानून बमोजिम बुझाउनु पर्ने सम्पुर्ण कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले आफ्नै खर्चवाट बेहोर्ने गरी सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

२०) ठेक्का संचालन गर्दा आवश्यक पर्ने कर्मचारी, रसिद, बिजुली, टेलिफोन आदिको व्यवस्था ठेकेदार आफैले गर्नु पर्नेछ ।

२१) असुल गर्न पाउने कर तथा सेवा शुल्कका दरहरु न.पा.का.वाट वोलपत्र खरिद बिक्री गर्दा बखत वोलपत्रसाँथ संलग्न राखी वितरण गरिने छ । नगर कार्यपालिकाको कार्यालयले तोकी दिए भन्दा बढी कर दस्तुर उठाएमा वा तोकिएका भन्दा बाहेकका वस्तुहरुमा कर दस्तुर उठाएमा नगरपालिकाले त्यसरी उठाएको कर दस्तुर ठेकेदारबाट फिर्ता गर्न लगाई निजलाई कार्यालयको निर्णयानुसार जरिवाना लगाइने छ ।

२२) ठेकेदारले असुल गर्ने सेवा शुल्कको दर रेट सूची सर्वसाधारणले देख्ने गरी अनिवार्य रुपमा राख्नु पर्नेछ ।

२३) माथिका ठेक्का संचालन गर्दा ठेक्का अवधि भित्र लामो समय सम्म कुनै प्रकारको हडताल, थुनछेक, कुटपिट वा अन्य कुनै कारणबाट कर तथा सेवा शुल्क संकलन गर्न नसकि बाधा पुग्न गई ठेकेदारले बन्द, हडताल, अवधिको रकम मिनाह माग गरेमा न.पा. बाट कुनै सुनवाई नहुने बन्दका कारण भएको सम्पुर्ण हानी नोक्शानी ठेकेदार स्वंयले आफ्नै खर्च घरघरानाबाट बहोर्नु पर्नेछ ।

२४) ठेकेदार फर्म, व्यक्ति वा संघ संस्थाले नगरपालिकालाई कुनै पनि पेश्कि, वाकि बक्यौता, कर दस्तुर तिर्न बुझाउन वाकि भई वक्यौता देखिएमा त्यस्तो ठेकेदार फर्म, व्यक्ति वा संघ संस्थाले पेश गरेको वोलपत्र स्वीकृत गरिने छैन ।

F:\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७५।७६.doc



Scanned by CamScanner

२५) माथि उल्लेखित शर्तहरु बाहेक अन्यको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ ।

२६) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन वा यस नगरपालिकाको Website www.bhadrapurmun.gov.np वाट download गरि पढन र हेर्न सकिनेछ ।साथै के कति असुल गर्न पाउने कर तथा सेवा। शुल्कका दरहरु वोलपत्र साथ संलग्न राखिएको हुदा नगरपालिका कार्यालयमा उपस्थित भई वा Website वाट download गरि तोकिएको मिति, समय र स्थानमा तोकिए बमोजिमको वोलपत्र फारम दस्तुर तिरी खरिद तथा दाखिला गर्न सकिनेछ ।

..........................
(प्रमुख प्रशासकिय अधिकृत )

प्रमुख प्रशासकीय अधिकृत

F:\Taxdepartment\Thekka sambandhi\ठेक्का सुचना २०७५।७६.doc



Scanned by CamScanner